आमाछोदिङमो गाउँपालिका, गाउँ कार्यपालिका बैठक संख्याः २।०८१/०८२

मिति २०८१ साल मार्गशिर २८ गतेको कार्यपालिका बैठकको निर्णयहरु

१) यस गाउँपालिकाको दोस्रो गाउँसभाको सत्रौं अधिवेशन तपसिलको मिति समय र स्थानमा बस्ने भएकोले गाउँसभा अघि तयार गर्नु पर्ने कार्यक्रमहरू २०८१ पौष ५ गते भित्र सम्पन्न गरिसक्न सम्बन्धित विषयगत समिति तथा वडाहरुलाई निर्देशन दिने ।

- २०८१ पौष ९ गते
- गाउँपालिका अध्यक्षले तोके बमोजिम
- विहानको ११बजे ००ः

२) गाउँपालिकाले सम्पादन गर्ने कार्यहरूमा कानुनी परामर्श लिनु पर्ने आवश्यकता महसुस गरिएको हुँदा आवश्यकता अनुसार गाउँपालिकालाई कानुनी परामर्श प्रदान गर्नको लागि योग्यता प्राप्त कानुनी सल्लाहकार राख्ने निर्णय सर्वसम्मत पारित गरियो

३) आमाछोदिङमो गाउँपालिकाको पहिलो गाउँसभाको निर्णय सहितको आधारमा नेपाल सरकारले २०७४ पौष २४ गते यस गाउँपालिकाको नाम र केन्द्र दुवै परिवर्तन गरेको तर हाल सम्म पनि गाउँपालिकाको प्रशासकीय कार्य साविकको केन्द्र रहेको स्थानमा सञ्चालन भई रहेकोमा गाउँपालिकाको कार्यालय राजपत्रमा प्रकाशन भएको केन्द्र तोकिएको स्थानमा नै सञ्चालन गर्नुपर्ने कानूनी बाध्यता भएकोले गाउँपालिकाको प्रशासनिक संरचना निर्माण गर्न केन्द्र तोकिएको स्थान गोल्जुङवेसी क्षेत्रमा अस्थायी संरचना निर्माण गर्ने जग्गा दानको लागि सार्वजनिक आव्हान गर्ने तथा सार्वजनिक आव्हान अनुसार जग्गा प्राप्ति नभएमा सार्वजनिक सरकारी जग्गा प्राप्तीका लागि माथिल्लो निकायसँग समन्वय गर्दै सार्वजनिक क्षेत्रमा अस्थाई भवन संरचना निर्माण गर्ने ।

४) गाउँपालिकाको प्रशासकीय कार्य साविककै केन्द्र रहेको स्थानमा सामुदायिक भवनमा सञ्चालन भई रहेको तर सबै शाखा सञ्चालनको लागि हालको भवन अपर्याप्त भईरहेको हुँदा गाउँपालिकाको केन्द्र रहेको स्थानमा आवश्यकता अनुसारका शाखाको कार्य सञ्चालनको लागि सम्भव भएसम्म भाडा नलाग्ने सार्वजनिक /सामुदायिक भवनको खोजी गर्ने र सार्वजनिक /सामुदायिक भवन प्राप्त नभएमा भाडाको भवनमा कार्य सञ्चालन गर्ने ।

५) यस गाउँपालिकामा आधारभूत अस्पताल निर्माणको लागि विद्युतिय बोलपत्रको प्रक्रियाबाट छनौट भएका निर्माण कम्पनी वि.जि. कन्स्ट्रक्सनसँग ठेक्का सम्झौता सम्पन्न भई सके तापनि अस्पताल निर्माण स्थलसम्म सडकको पहुँच नपुगेकोले निर्माण स्थल सम्म सडकको पहुँच पुर्‍याउन निर्माण कम्पनीले आग्रह गरिरहेको सन्दर्भमा हिँउदेसभाबाट रू. १५,००,०००।— (पन्ध्र लाख) बजेट विनियोजन गर्ने गरी अस्पताल निर्माण स्थलसम्म २०८१ पौष पहिलो हप्ता भित्र सडकको पहुँच पुर्‍याउन आवश्यक कार्य अघि बढाउने ।

६) आमाछोदिङमो गाउँपालिका वडा नं २ ग्रे नेसिङ हाकु जोडने सडक निर्माणका लागि बोलपत्रबाट छनौट भएका निर्माण कम्पनीसँग यस कार्यालयबाट ठेक्का सम्झौता भएकोमा सम्झौता भएको निर्माण कम्पनीलाई आमाछोदिङमो गाउँपालिका वडा नं २ का स्थानीयवासीहरूबाट काम गर्न अवरोध गर्दै ठेक्का सम्झौता भएको भन्दा फरक स्थानको ट्र्याकबाट सडक निर्माणको लागि दवाव दिइरहेको र उक्त विवाद समाधानका लागि गाउँकार्यपालिकाबाट गाउँपालिका उपाध्यक्षको नेतृत्वमा समिति गठन गरी विवाद समाधानको लागि पटक पटक प्रयास गर्दा समेत स्थानीयवासीले सम्झौतामा उल्लेख भए बमोजिमको ठाउँबाट सडक निर्माण गर्न नदिने र फरक स्थानबाट नै निर्माण गर्नु पर्ने भनि अडान कायम राखि राखेको हुँदा विवाद समाधान हुन नसकेको र विवाद समाधान नहुँदै कानुनी प्रक्रिया अवलम्बन गरी निर्माण कार्य अघि बढाउँदा विवादले उग्र रूप लिई जनधनको समेत क्षति हुन सक्ने स्थितिको आँकलन सम्बन्धित वडाबाट भएकोले सम्झौता भएको निर्माण कम्पनीसँग उक्त ठेक्का नियमानुसार रद्द गर्ने प्रक्रियामा जाने ।

७) गाउँपालिकाको विधायन समितिबाट पारित भई गाउँकार्यपालिकामा पेश भएका देहाय बमोजिमका कार्यविधिहरू सर्वसम्मतिले पारित गरियो ।

- कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८१
- दोवो तेम्वा फुर्पु आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१

८) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १३० मिति २०८१ मार्ग ७ गतेको पत्र मार्फत अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सुझाव ("सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा उपभोक्ता समितिबाट खरिद गर्न सकिने व्यवस्थाका प्रावधानहरूको विपरीत सार्वजनिक निकायहरूबाट खुल्ला रूपमा प्रतिस्पर्धा गराई निर्माण गर्नुपर्ने सरकारी भवनहरूको निर्माण समेत उपभोक्ता समितिबाट गराइएको देखिएकोले उल्लिखित ऐन र नियमावलीका प्रावधानहरू अक्षरशः पालना गर्ने तर्फ आवश्यक कदम उठाउने।") लाई पूर्ण पालना गरी योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

९) मिति २०८१ असार २७ गते तदनुसार ११ जुलाई २०२४ मा Boden Municipality, Norrbotten Country, Sweden बाट यस गाउँपालिकाका पदाधिकारीलाई दिगो विकास, उर्जा क्षेत्र, सामाजिक सहभागिता, प्रविधि हस्तान्तरण, जलस्रोत व्यवस्थापन लगायतका विषयमा सहयोग र सहकार्य गर्न भ्रमणको लागि निमन्त्रणा प्राप्त भएकोमा मिति २०८१।०४।२८ गतेको कार्यपालिका बैठकबाट भ्रमणको स्वीकृति लिई निजी खर्चमा गाउँपालिकाको अध्यक्ष तथा कर्मचारीहरूबाट स्विडेनको Boden Municipality मा रहेको म्युजियमको अवलोकन गर्ने क्रममा त्यहाँको सौस्कृतिक

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङवेशी, रसुवा
बागमती प्रदेश, नेपाल

ऋषिकेश अधिकारी
नि.प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

तथा परम्परागत रहनसहनसँग आमाछोदिङमो गाउँपालिकाको तामाङ संस्कृति र परम्परागत रहनसहन मिल्दो जुल्दो अवस्थामा रहेको देखिएकोले स्विडेनको Boden नगरपालिकासँग स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८ बमोजिम भगिनी सम्बन्ध स्थापना गर्ने प्रक्रिया अघि बढाउने तथा स्विडेन देशको Boden Municipality का पदाधिकारीहरूलाई पनि यस गाउँपालिकाको तामाङ संस्कृति, परम्परा र रहनसहनको अवलोकन भ्रमणको लागि आवश्यक प्रक्रिया पुरा गरी निमन्त्रणा गर्ने र यस कार्यका लागि आवश्यक समन्वय गर्न गाउँपालिकाका पर्यटन सल्लाहकारलाई जिम्मेवारी दिने ।

१०) आमाछोदिङमो गाउँपालिका भित्रका विद्यालय र सामुदायिक सिकाई केन्द्रहरूको आर्थिक वर्ष २०८०/०८१ सम्मको आर्थिक लेखापरीक्षण कार्य गर्नका लागि सूचीकृत भएका लेखापरीक्षण फर्महरूबाट ले.प.गराउने ।

११) आमाछोदिङमो गाउँपालिका वडा नं १ स्थित श्री हाकुवेसी आधारभूत विद्यालयमा कार्यरत निम्न माध्यमिक तहका अङ्ग्रेजी विषयका राहत शिक्षक निमा नोज्युङ तामाङलाई आमाछोदिङमो गाउँपालिका वडा नं ५ स्थित श्री सरस्वती आधारभूत विद्यालय चिलिमेमा र श्री सरस्वती आधारभूत विद्यालयमा निम्न माध्यमिक तह अङ्ग्रेजी विषयमा कार्यरत निजी स्रोत शिक्षक सुशिल कुमार चौधरीलाई श्री हाकुवेसी आधारभूत विद्यालयमा कामकाजमा खटाउने निर्णय गरियो ।

१२) यस गाउँपालिका अन्तरगतका वडा कार्यालय तथा विभिन्न स्वास्थ्य चौकीहरूको लागि देहाय बमोजिमको पदमा सेवा करार मार्फत पदपूर्ति गर्न विज्ञापनको प्रक्रिया अघि बढाउने निर्णय गरियो।

- हेल्थ असिस्टेन्ट
- अहेव
- अनमि
- रेडियो ग्राफर
- कार्यालय सहयोगी

१३) चालू आर्थिक वर्षको बजेटमा विद्यालयहरूमा खेलकुद प्रशिक्षणका लागि प्रशिक्षक भत्ता तथा सामग्री व्यवस्थापन शीर्षकमा विनियोजन भएको ९,८८,४००।- रुपैयाँ बजेट देहाय बमोजिमका विद्यालयहरूमा खेलकुद प्रशिक्षणको लागि उपलब्ध गराई बाँकी बजेटबाट कराँते तथा तेक्वाण्डो खेलको लागि आवश्यक सामग्री खरिद गर्न खर्च गर्ने ।

- हाकु मावि २,५०,०००/-
- ग्रे मावि २,५०,०००/-
- नेपाल राष्ट्रिय मावि १,५०,०००/-
- पार्वतीकुण्ड मावि १,५०,०००/-
- खेलकुद सामग्री म्याट खरिद १,८८,४००1-
- जम्मा ९,८८,४००/-

१४) चालू आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम सिकाई उपलब्धी न्यून भएका विषयमा अतिरिक्त कक्षा सञ्चालनको लागि विद्यालयहरुलाई अनुदान शीर्षकमा विनियोजन भएको रू. ७,००,०००।- सातलाख रूपैयाँबाट देहाय बमोजिमका विद्यालयहरूमा निम्न बमोजिम अनुदान उपलब्ध गराउन तथा शिक्षा शाखाले सिकाई उपलब्धि तथा वार्षिक परीक्षाको नतिजा गत वर्षको तुलनामा उल्लेख्य सुधार हुने गरी शिक्षणको प्रबन्ध मिलाउन अनुदान पाउने विद्यालयका प्रधानाध्यापकसँग र प्रधानाध्यापकले विषय शिक्षकसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिने ।

- हाकु मावि १,५०,०००।-
- ग्रे मावि १,५०,०००॥-
- नेपाल राष्ट्रिय मावि १,५०,०००।-
- पार्वतीकुण्ड मावि १,५०,०००।-
- हाकुबेसी आवि ५०,०००/-
- सरस्वती आवि ५०,०००/-

आमाछोदिङमो गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
गोल्जुङदेशी, रसुवा
बागमती प्रदेश, नेपाल

ऋषिकेश अधिकारी
नि.प्रमुख प्रशासकीय अधिकृत